आज मिति २०७५ आश्विन २३ गते मंगलबारका दिन बिहान ८:०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगरकार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा ५९ औं बोर्ड बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहायबमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति :-

| पदाधिकारी | | हस्ताक्षर |
|---|---|---|
| १. नगर प्रमुख श्री मोहन बस्नेत | -अध्यक्ष | |
| २. नगर उपप्रमुख श्री बसन्तीतामाङ (डंगोल) | -सदस्य | |
| ३. १ नं. वडाका वडा अध्यक्ष श्री जय थापामगर | -सदस्य | |
| ४. २ नं. वडाका कार्यवाहक वडा अध्यक्ष श्री सरोज के.सी | -सदस्य | |
| ५. ३ नं. वडाकाकार्यबाहक वडा अध्यक्ष श्री मनोज बस्नेत | -सदस्य | |
| ६. ४ नं. वडाका वडा अध्यक्ष श्री पुष्कर खड्का | -सदस्य | |
| ७. ५ नं. वडाका वडा अध्यक्ष श्री श्यामबहादुर खत्री | -सदस्य | |
| ८. ६ नं. वडाका वडा अध्यक्ष श्री शंकर मानमहर्जन | -सदस्य | |
| ९. ७ नं. वडाका वडा अध्यक्ष श्री हरि प्रसाद तिमल्सेना | -सदस्य | |
| १०. ८ नं. वडाका वडा अध्यक्ष श्री राजकुमार लामा | -सदस्य | |
| ११. ९ नं. वडाका वडा अध्यक्ष श्री अमृकाबलामी | -सदस्य | |
| १२. दलित वा अल्पसंख्यक सदस्य श्री रमापहरी | -सदस्य | |
| १३. दलित वा अल्पसंख्यक सदस्य श्री गौरी नेवा | -सदस्य | |
| १४. दलित वा अल्पसंख्यक सदस्य श्री राजेश परियार | -सदस्य | |
| १५. महिला सदस्य श्री लक्ष्मी भण्डारी | -सदस्य | |
| १६. महिला सदस्य श्री कविताखत्री | -सदस्य | |
| १७. महिला सदस्य श्री शारदा आचार्य | -सदस्य | |
| १८. महिला सदस्य श्री निर्मलामंग्राती | -सदस्य | |
| १९. महिला सदस्य श्री मिना मगर | -सदस्य | |
| २०. प्रमुख प्रशासकीय अधिकृत श्री टीकाराम ज्ञवाली | -सचिव | |

सहयोगी कर्मचारी :-

| | |
|---|---|
| १ श्री बिन्जु वज्राचार्य | -लेखा अधिकृत |
| २ श्री सोमा खड्का | -शाखा अधिकृत |
| ३. श्री मनोज वुढाथोकी | -ईन्जिनियर |
| ४. श्री विकास गुरुङ | -कम्प्युटर सहायक |

मिति २०७५/६/२२ गते नगरप्रमुखज्यूबाट मिति २०७५।६।२३ गते नगरकार्यपालिका बैठकमा पेश गर्ने आदेश भई नगरकार्यपालिकाबाट निर्णय भएका विषयहरु देहाय बमोजिम रहेका छन् ।

**तपशिल**

| सिं. नं | विषय | कानूनमा उल्लेख भएको व्यहोरा | निर्णय हुनुपर्ने व्यहोरा |
|---|---|---|---|
| १ | नगरपालिका क्षेत्रभित्रको सम्पूर्ण सडकहरुको खाल्डाखुल्डीहरु पुर्ने सम्बन्धमा । | | • नजिकिदै गरेको बिजयादशमी तथा दिपावलीमा स्थानीय खाल्डाखुल्डी भएको सडकमा मर्मत गरी यात्रुलाई आवतजावतमा सहज गराउनको लागि देहायबमोजिमको सडकहरुमा सडक बोर्डबाट बिनियोजित ४५ लाख बजेटको परिधिभित्र रही देहाय बमोजिम विनियोजन गर्ने<br>क) वडा नं. ५ को बालनिकेतन देखि बसपार्कसम्म र बसपार्कदेखि रत्नसोपान सम्म १० लाखको परिधिभित्र रही सडक मर्मत गर्ने ।<br>• यस नगरपालिका भित्रका नौ वटै वडामा प्रति वडा ३ लाखका दरले बजेट बिनियोजन गरी वडा भित्रका वर्षातको कारण खाल्डाखुल्डी भएका सडकहरु मर्मत गर्ने र अति आवश्यक अन्य सडकहरुमा बिनियोजित बजेटको परिधिभित्र रही नगर प्रमुखले आवश्यकता अनुसार थप गर्न सक्ने गरी मर्मत संभारको व्यवस्था मिलाउने । |
| २ | गोरखनाथ डाँडामा पार्क निर्माणको लागि डिपिआर तयार गर्न साथै मोटरबाटो निर्माण सम्बन्धमा | | • वडा नं. ५,६ र ९ को गोरखनाथ देखि प्राचिन दक्षिणकाली मन्दिरसम्म पार्क निर्माणको लागि DPR तयार गर्ने र उक्त स्थानसम्म पुग्नको लागि सडकको ट्र्याक खोल्न लगत इष्टिमेट अनुसार आन्तरिक श्रोतबाट बजेट विनियोजन गर्ने । साथै उक्त पार्क निर्माण स्थलमा २०७५।६।२५ गते बिजयादशमीको सन्दर्भमा शुभकामना आदनप्रदान कार्यक्रम राखी सो को साथै सरसफाईको काम समेत गर्ने । |
| ३ | विविध | | ३.१) यस दक्षिणकाली नगरपालिका क्षेत्रभित्र नगरपालिका घोषणा हुनुभन्दा अगाडी भवन निर्माण भई वा नगरपालिका घोषणा भएपश्चात पनि अनुमति |

| | | | |
|---|---|---|---|
| | | | नलिई निर्माण भएका भवनहरुको हकमा अभिलेख राख्ने प्रयोजनार्थ २०७५ साल चैत्र मसान्तसम्मलाई मान्य हुने गरी अभिलेखिकरण राख्ने र सो अवधि भित्र दर्ता हुन आउने घरधनीहरुलाई कुल राजश्वमा २५ प्रतिशत छुट दिने। सो मिति पश्चात अभिलेख दर्ता प्रक्रिया बन्द गर्ने । अर्धव्यवसायिक भवनको हकमा व्यवसाय संचालन हुने तल्लामा ५० प्रतिशत थप राजश्व लिने ।<br><br>३.२) यस नगरपालिकामा स्वयमसेवकको रुपमा कार्यरत श्री मंगल लक्ष्मी श्रेष्ठ र तरिमाया श्रेष्ठलाई आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी २०७५ कार्तिक देखि लागु हुने गरी मासिक रु १०,०००। का दरले पारिश्रमिक उपलब्ध गराउने ।<br><br>३.३) दक्षिणकाली नगरपालिका वडा नं. ५ मा संचालित पतन्जली योग शिविरको लागि आन्तरिक श्रोतबाट रु २ लाख उपलब्ध गराउने ।<br><br>३.४) प्राकृतिक श्रोत कर संकलन कार्यमा खटिएका यस नगरकार्यपालिकाको कार्यालयमा कार्यरत कार्यालय सहयोगी श्री जयराम फुँयाल,दिपक फुँयाल र विक्रम तामाङलाई कार्यालय समयको अतिरिक्त रातिको समयमा समेत कामका खटिएकोले निजहरुलाई खाइपाई आएको तलब बराबरको थप एक महिनाको पारिश्रमिक उपलब्ध गराउने ।<br><br>३.५) बालदिवस कार्यक्रममा प्रत्येक विद्यालयबाट सहभागी भएका विद्यार्थी मध्ये प्रतिभा देखाउने कार्यक्रममा सहभागी बालबालिकालाई प्रति विद्यार्थी रु १०००। का दरले रु १४,०००। उपलब्ध गराउने ।<br><br>३.६) वडा नं. ८ को कार्यलयमा पानी तान्नी मेसिन र पाईप खरिद गर्दा खर्च भएको रकम रु २३,६००। उपलब्ध गराउने ।<br><br>३.७) यस न.पा वडा नं. ८ स्थित सल्लेनीमा बर्षातको कारणले विग्रीएको सडक ग्राभेल,डस्ट र हिमपाइप राख्दा लागेको खर्च प्राविधिक मुल्याङकन अनुसारको रकम रु १३६०००।- उपलब्ध गराउने । |

| | | | |
|---|---|---|---|
| | | | ३.८) यस दक्षिणकाली नगरकार्यपालिको कार्यालय, कृषि शाखामा कार्यरत कार्यालय सहयोगी श्री सुभद्रा के.सी र पशु शाखामा कार्यरत कार्यालय सहयोगी श्री मुरारी प्रसाद पौडेललाई आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी २०७५ पौष मसान्त सम्मलाई सेवा निरन्तरता दिने । कृषि शाखामा कार्यरत कार्यालय सहयोगी श्री सुभद्रा के.सी.को २०७४ चैत देखि २०७५ असोज मसान्त सम्मको तलब र चाडपर्वखर्च एवं पशु शाखामा कार्यरत कार्यालय सहयोगी श्री मुरारी प्रसाद पौडेलको २०७५ श्रावण देखि असोज मसान्तसम्मको तलब र चाडपर्वखर्च समेत उपलब्ध गराउने |